# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं


मितिः- २०८१।१०।०२

चलानी नं. ..................

**BCA कार्यक्रम अन्तर्गत प्रथम (२०२४) र सातौं (२०२० सिमेष्टरको सत्रान्त परीक्षाको अनलाइन (Online) परीक्षा फाराम भर्ने सम्बन्धी जरूरी सूचना**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सिमेष्टर प्रणालीमा सञ्चालित Bachelor in Computer Applications (BCA) कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष (२०२४) र (२०२०) को क्रमशः प्रथम र सातौ सिमेष्टरका नियमित तथा आंशिक परीक्षार्थीहरुको सत्रान्त परीक्षा मिति २०८१ साल फाल्गुन महिनामा संचालन हुने भएकाले सम्बन्धित सबै विद्यार्थीहरुलाई मिति २०८१ साल माघ ५ गतेदेखि २५ गतेसम्म अनलाईन परीक्षा फाराम भर्नका लागि सूचित गरिन्छ।

विद्यार्थीहरुले आफू अध्ययनरत क्याम्पस/कलेजको नाम उल्लेख गरी https://exam.tufohss.edu.np मार्फत अनलाईन आवेदन फाराम भर्न सक्ने छन्। म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फारामहरुको आवश्यक प्रक्रिया अगाडि बढाइने छैन। यस सम्बन्धी अन्य विस्तृत विवरण यस सङ्कायको वेवसाइटबाट प्राप्त गर्न सकिनेछ।

- **परीक्षा फाराम भर्ने समयावधि** : मिति २०८१ साल माघ ५ गतेदेखि माघ २५ गते राति १२:०० बजेसम्म र उक्त समयावधि पछि दोव्वर दस्तुरमा २०८१ साल माघ २६ गतेदेखि माघ ३० गते राति १२:०० बजेसम्म।
- **परीक्षा दस्तुर** : नियमिति परीक्षार्थीहरुले रु.२५००।- (अक्षरेपी दुई हजार पाँचसय मात्र) र आंशिक परीक्षार्थीहरुले रु.२०००।- (अक्षरेपी दुई हजार मात्र)। विद्यार्थीहरुले अनलाइन फाराम भर्ने बेलामा e-Sewa अथवा Khalti मार्फत आवेदन दस्तुर तिर्नुपर्ने छ र जम्मा भईसकेको दस्तुर फिर्ता नहुने व्यहोरा समेत जानकारी गराईन्छ।
- परीक्षार्थीहरुले अनलाइन परीक्षा फाराम भर्दा विषयको शीर्षक र कोड नं. शुद्ध र स्पष्टसँग भर्नुपर्ने छ। यदि अनलाइन फाराम भर्दा कुनै समस्या भएमा सम्बन्धित विभाग/क्याम्पसमा सम्पर्क राख्नुपर्ने छ।
- परीक्षार्थीहरुले त्रि.वि. रजिष्ट्रेसन नं. अनिवार्यरुपमा अनलाइन फाराममा उल्लेख गरेको हुनुपर्ने छ अन्यथा त्रि.वि. रजिष्ट्रेसन नं. नभएका परीक्षाथीहरुको परीक्षा फाराम मान्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ।
- सम्बन्धित क्याम्पस/कलेजहरुले विद्यार्थीहरुले प्राप्त गरेको आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क र हाजिरी विवरण (स्थानान्तरण भइ आएका विद्यार्थीहरुको हकमा प्राविधिकसँगको समन्वयमा) परीक्षा फाराममा अनलाइन मार्फत भर्नुपर्ने छ।
- सम्बन्धित क्याम्पस/कलेजहरुले फाराम भर्ने समयावधिभित्रै आ-आफ्ना विद्यार्थीहरुलाई क्याम्पस/कलेजहरुमा सम्पर्क गर्न लगाई प्रयोगात्मक परीक्षा अनिवार्य रुपमा संचालन गरिसक्नु पर्नेछ।

डा. चिरञ्जीवी आचार्य
सहायक डीन



CamScanner